नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
उच्चस्तरीय समन्वय समिति
बैठक संख्या : ६
मिति २०७६ चैत्र २ गते
दिउँसो : १.०० बजे

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ फागुन १८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री इश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरु तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसार निर्णय गरियो।

उपस्थिति:

१. मा. मा. उपप्रधानमन्त्री एवं रक्षामन्त्री श्री ईश्वर पोखरेल -संयोजक
२. मा. गृहमन्त्री श्री राम बहादुर थापा -सदस्य
३. मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली -सदस्य
४. मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल -सदस्य
५. मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल -सदस्य
६. मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल -सदस्य
७. मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट -सदस्य
८. मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई -सदस्य
९. मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा -सदस्य
१०. श्री लोकदर्शन रेग्मी - मुख्यसचिव, नेपाल सरकार -सदस्य
११. श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, -सदस्य-सचिव
१२ मा. स्वास्थ्य राज्य मन्त्री नवराज रावत —

विशेष आमन्त्रित :

१. मा. मुख्यमन्त्री श्री शेरधन राई, प्रदेश नं. १ –
२. मा. मुख्यमन्त्री श्री लालबाबु राउत, प्रदेश नं. २ –
३. मा. मुख्यमन्त्री श्री डोरमणि पौडेल, बागमती प्रदेश –
४. मा. मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ्ग, गण्डकी प्रदेश –
५. मा. मुख्यमन्त्री श्री शंकर पोखरेल, प्रदेश नं. ५ –
६. मा. मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही, कर्णाली प्रदेश नं. –

७. मा. मुख्यमन्त्री श्री त्रिलोचन भट्ट, सुदूरपश्चिम प्रदेश नं. –

८. श्री विष्णुप्रसाद रिमाल,

(सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार)

९. मा. सामाजिक विकास मन्त्री श्री जीवन घिमिरे, प्रदेश नं. १ –

१०. मा. सामाजिक विकास मन्त्री श्री नवलकिशोर साह (सुडी), प्रदेश नं. २ –

११. मा. सामाजिक विकास मन्त्री श्री युवराज दुलाल, बागमती प्रदेश. –

१२. मा. सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगर, गण्डकी प्रदेश–

१३. मा. सामाजिक विकास मन्त्री श्री सुदर्शन बराल, प्रदेश नं. ५ –

१४. मा. सामाजिक विकास मन्त्री श्री दल रावल, कर्णाली प्रदेश–

१५. मा. सामाजिक विकास मन्त्री श्री कृष्ण सुवेदी , सुदुरपश्चिम प्रदेश–

१६. श्री राजन भट्टराई

(सम्माननीय प्रधानमन्त्रीज्यूका परराष्ट्र सल्लाहकार)

१७. सूर्य थापा

(सम्माननीय प्रधानमन्त्रीज्यूका प्रेस सल्लाहकार)

१८. श्री लालशंकर घिमिरे

(सम्माननीय प्रधानमन्त्रीज्यूका आर्थिक विकास सल्लाहकार)

१९. श्री बाबुराम दहाल,

(सम्माननीय प्रधानमन्त्रीज्यूका कानून विज्ञ)

२०. ई. गजेन्द्रप्रसाद थपलिया

(सम्माननीय प्रधानमन्त्रीज्यूका विकास व्यवस्थापन विज्ञ)

आमन्त्रित

२१. सचिव श्री महेन्द्रप्रसाद गुरागाई – प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२२. सचिव श्री लक्ष्मण अर्याल - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२३. सचिव श्री डिल्लीराज घिमिरे - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

COVID-19 संक्रमण, रोकथाम र नियन्त्रण सम्बन्धमा मिति २०७६।१२।२ मा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय समन्वय समितिका पदाधिकारी तथा प्रदेशका मुख्यमन्त्री सामाजिक विकास मन्त्री समेतको उच्च अधिकारीहरुको उपस्थितिमा भएको बैठकको निर्णयहरु :

१. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले समन्वयात्मक एवं एकीकृत रुपमा यस संक्रमण विरुद्ध देहायको रणनीति अख्तियार गरी तदनुरुपका क्रियाकलाप संचालन गर्ने निर्णय गरियो ।

रणनीतिहरु :

१.१. कोरोना भाईरस प्रवेशमै रोक्ने;

१.२. नागरिक सचेतना अभिबृद्धि गर्ने;

१.३. निगरानी र क्वारेन्टाईनको व्यवस्था सुदृढ गर्दै लैजाने;

१.४. बिरामीको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने;

क्रियाकलापहरु :

१.१. सचेतना, रोकथाम र नियन्त्रणका कार्यक्रमहरु तीनै तहमा पठाउने;

१.२. समुदायको थप सहभागीता जुटाउने;

१.३. नेपाल प्रवेश नाकाको आवागमनलाई थप कडाइ गर्ने;

१.४. स्वास्थ्य निगरानी एवं प्रयोगशाला परीक्षणको क्षमता अभिबृद्धि गर्ने;

१.५. संक्रमित तथा रोगी विरामीको प्राथमिक उपचार तथा रेफरको प्रवन्धलाई व्यवस्थित तुल्याउने;

१.६. औषधी, औषधीजन्य वस्तु लगायत दैनिक उपभोग्य वस्तुहरुको उपलब्धतालाई नियमित र सहज बनाउने;

२. उच्चस्तरीय समन्वय समितिबाट कोरोना रोग रोकथाम तथा नियन्त्रण सम्बन्धमा विभिन्न मितिमा गरिएका निर्णयहरुको सबै तहबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने /गराउने ।

३. कोरोना संक्रमणबाट सुरक्षित रहन संघ, प्रदेश र स्थानीय तहमा रहेका अस्पतालहरुले आवश्यकता प्रक्षेपण गरी न्यूनतम संख्यामा भेन्टिलेटर सहितको Isolation Ward तयार गर्ने एवं क्वारेन्टाईन स्थलहरुको व्यवस्थापन गर्ने।

४. प्रदेश तथा स्थानीय तहले सीमा जोडिएका नाकाहरुमा मास्क, सेनिटाईजर, Forehead Thermometer Gun लगायतका सामग्रीहरुको व्यवस्थापन गर्ने ।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको २१ बुँदे सूचकमा उल्लेख भए बमोजिमको क्रियाकलापहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

६. प्रदेश तथा स्थानीय तहमा कार्यरत सम्बद्ध सुरक्षा अधिकारी तथा स्वास्थ्यकर्मीहरु संक्रमणको अवधिभर आ-आफ्नो कार्यक्षेत्र नछोड्ने ।

२०७६।१२।२

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री